कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१

च.नं.:

मिति:- २०८०/१२/२७ गते

## प्रेस विज्ञप्ती

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्राप्त २३ वटा शैक्षिक अधिकार मध्ये आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन महत्त्वपुर्ण जिम्मेवारीको रुपमा रहेको छ। यस कोहलपुर नगरपालिका भित्रको शैक्षिक उन्नयन, विकास र शैक्षिक स्तर अभिवृद्धिका लागि नीति निर्माण र कार्यान्वयन हाम्रो महत्त्वपूर्ण दायित्व हो। यस विषयमा कोहलपुर नगर क्षेत्र भित्रका विद्यालयको कक्षा ८ को आधारभुत तह उत्तीर्ण परीक्षा लाई मर्यादित एवं व्यवस्थित बनाई आम विद्यार्थीहरुलाई परिश्रमी र लगनशीलरुपमा अध्ययन गर्ने वानीको विकासले भविष्यमा उत्कृष्ट जनशक्ति उत्पादन हुन सकुन भन्ने पवित्र उद्देश्यका साथ यस वर्षको आधारभूत तहका परीक्षाका सम्पुर्ण प्रकृया पुरा गरी नतिजा प्रकाशन गरीएको र आधारभूत तहको नतिजा प्रकाशन सम्म आइपुग्दा सबै प्रकृयाहरु परीक्षा सञ्चालन निर्देशिका र पूर्ण आचारसंहिताको पालना गरी सम्पन्न गरिएको परिप्रेक्षमा प्रकाशित नतिजा पश्चात भएका घटनाक्रम उपर कोहलपुरका आम समुदायलाई सूचित गर्नु र स्पष्ट पार्नु हाम्रो कर्तव्य हो। नतिजा प्रकाशनका विषयमा प्राप्त उजुरीहरुलाई हार्दिकता पूर्वक स्वीकार गरी उजुरीहरुको गम्भीरतालाई सम्मान गर्दै कहि कतै नियतवस कुनै व्यक्तिबाट त्रुटी भएको अवस्थामा त्रुटी गर्ने व्यक्ति वा संगठित समुह पुष्टी भएमा निर्ममता पुर्वक कारवाही गर्ने कुरामा प्रतिवद्ध छौ। यस विषयमा कतै कुनै शंका नगर्न सबैमा आश्वस्त पार्न चाहान्छौ। यस क्षेत्रमा रहेका राजनैतिक दल, विद्यार्थी संगठन, शिक्षकका पेशागत संगठन अभिभावक, विद्यार्थी, आम वुद्धीजिवीहरुले हाम्रा गतिविधी प्रति देखाउनु भएको चासो र चिन्ता प्रति कृतज्ञता प्रकट गर्दछौ। परिवर्तनका लागि साहस बटुल्न र निर्मम हुन आवश्यक देखिन्छ। यस नगरपालिका भित्रको शैक्षिक क्षेत्रको विगत देखिको निरन्तरता र नियमित प्रकृयालाई क्रम भंग गरी अध्ययन र मूल्याङ्कन पद्धतीलाई चुस्त गराउने हाम्रो प्रयासलाई सुस्त, परिवर्तन नचाहने, विद्यार्थी र अभिभावकलाई गुमराहमा राख्नेहरु विचलित हुन खोज्नु स्वभाविक नै हो। तसर्थ हामी निर्ममरुपले शैक्षिक सुधारका पक्षमा लागेको यस परिस्थितीमा सम्पूर्ण कोहलपुरवासीको साथ सहयोग, समर्थन एक्यवद्धता प्रकट गरिदिन आव्हान गर्दै छानविन समितिको प्रतिवेदन र प्रतिवेदनका आधारमा यथाशिघ्र कारवाहीको प्रकृया अगाडी बढाउने प्रतिवद्धता समेत व्यक्त गर्दछौ।

अन्तमा आफ्ना सन्ततीहरुको शिक्षा प्रति चिन्तित अभिभावक, वालवालिकाको भविष्य, मनोविज्ञान प्रति उच्च सम्मान गर्दै छानविन समितिको प्रतिवेदनबाट दोषि सिफारीस भई आएका जो सुकै लाई पनि अविलम्ब कारवाही गरिने छ भन्ने प्रतिवद्धता समेत यसै प्रेस विज्ञप्तीद्वारा जानकारी गराउदछौ।

..............................

(पुर्ण प्रसाद आचार्य)

नगर प्रमुख

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख